नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)

सानोठिमी, भक्तपुर

## विषय दर्ता फाराम भर्ने/भराउने सम्बन्धी म्याद थप गरिएको सूचना

शैक्षिक सत्र २०८२/८३ मा कक्षा ११ मा भर्ना भई अध्ययनरत विद्यार्थीहरूको विषय दर्ता फारामहरू मिति २०८२ मंसिर १० गतेभित्र बोर्डका सम्बन्धित कार्यालयहरूमा बुझाउन सूचित गरिएकोमा उक्त समयभित्र विविध कारणले फाराम बुझाउन छुट भएका विद्यार्थीहरूका लागि यसअघि नै तोकिएको म्यादभित्र (मिति २०८२ साल कात्तिक मसान्तसम्म विलम्ब शुल्करहित र मिति २०८२ साल मंसिर ७ गतेभित्र विलम्ब शुल्कसहित) बोर्डको खातामा शुल्क दाखिला गरेका विद्यार्थीको हकमा सोही शुल्क अनुसार एवं तोकिएको म्यादमा शुल्क नबुझाएका विद्यार्थीहरूको हकमा विलम्ब शुल्कसहितको रकम दाखिला गरी/गराई मिति २०८२ पुस १४ गतेभित्र विषय दर्ता फाराम (सक्कल र विद्युतीयप्रति दुवै) बुझाउने गरी म्याद थप गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

***<u>पुनश्चः</u>*** *राष्ट्रिय परीक्षा बोर्डका सम्पूर्ण कार्यालयहरूले आ-आफ्नो कार्य क्षेत्रभित्रका विद्यालयहरुलाई जानकारी गराई यसै सूचना बमोजिम गर्नु/गराउनुहुन अनुरोध गरिन्छ।*

– परीक्षा नियन्त्रक